‘वसन्त’को पोष्टर सार्वजनिक

काठमाडौं/हिटा । प्रकाश सपुतको निर्देशनमा बनेको चलचित्र ‘वसन्त’को पोष्टर सार्वजनिक गरिएको छ । पोष्टरमा उहाँ स्वयं फिचर्ड हुनुहुन्छ । पोष्टरमा देखिएको प्रकाशको पात्र अध्ययनशील देखिएको छ । भित्तामा लक्ष्मीप्रसाद देवकोटा र पारिजातका तस्वीर छन् ।

‘वसन्त’मा सपुतको निर्माण, निर्देशन, लेखन, अभिनय, गायन र संगीत । यो चलचित्रले चैत २२ गतेलाई सिनेमाघरमा आउने मिति तय गरेको छ । पोष्टर सार्वजनिक गर्दै उहाँले लोमो स्टाटस लेख्नुभएको छ । जहाँ उहाँले चलचित्र ‘वसन्त’ निर्माण गर्दाका चुनौती समेट्नुभएको छ ।

त्रिकाली बचत तथा ऋण सहकारी संस्था लि.
ज्याठा ठमेल
फोन नं.०१-५३६८७७७
प्रकाशित मितिः २०८१/०९/२३

यस त्रिकाली बचत तथा ऋण सहकारी संस्था लि.को नाममा मा.पो.का.डिल्लीबजार मा दर्ता कायम रहेको का.जि.का.म.न.पा.वडा नं.३५ कित्ता नं.१२७ क्षेत्रफल १२७.२० बर्ग मि.जग्गा र सोमा निर्मित घर गैर बित्तिय सम्पत्ति (घर/जग्गा) संस्थाको विधान तथा प्रचलित ऐन, कानूनको अधीनमा रही जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गर्नको लागि १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस संस्थाको कार्यालय, ज्याठा ठमेलमा आईपुग्ने गरि गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । सम्पत्ति बिकि सम्वन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । सम्पत्ति तथा लिलाम सम्वन्धि बुझ्न कार्यालय समयमा सम्पर्क गर्न समेत जानकारी गरिन्छ ।

‘द नेशनल डिजाइनर रन वे २०२४’ को उपाधि प्राङ्देनलाई

हिमालय टाइम्स
भक्तपुर, २२ पुस

पाँचौं संस्करणको फेशन डिजाइनरहरूको मेघा प्रतियोगिता ‘द नेशनल डिजाइनर रन वे २०२४’ को उपाधि प्राङ्देन हानी लिम्बुले चुम्नुभएको छ । भक्तपुरमा सम्पन्न भएको प्रतियोगितामा उहाँले उक्त उपाधि चुम्नुभएको हो । १४ जना फेशन डिजाइनरहरू प्रतिस्पर्धी रहेको प्रतियोगितामा सबी श्रेष्ठ ‘फष्ट रनर अप’ हुँदा ओमान कोमेन जुकान्द्री ‘सेकेण्ड रनर अप’ हुनुभयो । त्यस्तै सजिना मोनिकर ‘मष्ट पपुलर’ हुनुभयो । विजेताहरूलाई प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राना, निर्णायकहरू र आयोजक टोलीका सदस्यले ताज तथा विभिन्न पुरस्कार प्रदान गर्नुभएको थियो ।

प्रतियोगिता राज्य मिडिया नेटवर्कको आयोजना र एभेन्टोज नेपालको प्रस्तुतिमा भएको हो । राज्य मिडिया नेटवर्क र एभेन्टोज नेपालका सिईओ डेभिल सिंह राजपुतको अवधारणा र निर्देशन तथा राज्य मिडिया नेटवर्कका अध्यक्ष सरोज ओझाको अध्यक्षतामा भएको प्रतियोगितामा आइआइएफटी, एनसिएफटी र आइइसीका फेशन डिजाइनरहरूले सहभागिता जनाएका थिए ।

डिजाइनरले डिजाइन गरेका पहिरनलाई ३८ मोडलहरूले ऱ्याम्पमा प्रस्तुत गरेका थिए । प्रतियोगितामा फेशन विज्ञहरू मनिषा डंगोल श्रेष्ठ, सविन ढुंगाना, ज्वालाराज पोखरेल, सूर्यदीप घतानी, निशा श्रेष्ठ र फेशन विज्ञसमेत रहनुभएकी नेपाल टेलिभिजनकी वरिष्ठ समाचार सम्पादक शोभा श्रेष्ठ निर्णायक रहनुभएको थियो ।

फेशन कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफीमा भएको प्रतियोगितामा सञ्जीव कसजुले बजार व्यवस्थापन, परमानन्द चौधरीले इभेण्ट व्यवस्थापन र शैलेश नेपालीले इभेण्ट संयोजकको रूपमा काम गर्नुभएको थियो ।

‘वर्ल्ड अफ डान्स’ अब नेपालमा

हिमालय टाइम्स
काठमाडौं, २२ पुस

विश्वका २५ देशहरूमा हुँदै आएको डान्सको चर्चित स्टेज ‘वर्ल्ड अफ डान्स’ (डब्लुओडी) अब नेपालमा पनि हुनेभएको छ । नृत्यमा भविष्य खोज्नेहरूका लागि उत्कृष्ट मानिने यस स्टेजको फ्रेन्चाइज मण्डला इन्टरटेनमेन्टले नेपाल भित्र्याएको हो । आयोजकका अनुसार आगामी माघ २४ गते बिहीबार यो प्रतियोगिता हुँदैछ । यसमा देशैभरिबाट आवेदन परेका डान्सरहरूले विभिन्न चरण पार गर्दै विजेता बन्न सक्नेछन् । हालसम्म डिजिटल अडिशनबाट तीन सयभन्दा बढीको आवेदन परेको र छनौटको काम भइरहेको आयोजकले जनाएको छ ।

यो रियालिटी शो नभई एक डान्स कम्पिटिशन हो, जसमा डिजिटल, फिजिकल अडिशन पार गर्दै विजेता छनौट गरिने जनाइएको छ । विजेता टिमले अमेरिकामा यही २०२५ जुलाई १६ देखि जुलाई २१ सम्म आयोजना हुने वर्ल्ड अफ डान्समा सहभागी जनाउन पाउनेछन्, जसमा २५ देशका विजेताहरूबीच प्रतिस्पर्धा हुनेछ ।

यसमा सहभागी हुने टिमहरूलाई तीन डिभिजनमा राखिएको छ । पहिलो अपर टिम डिभिजन, यसमा जुनसुकै उमेर समूहका डान्सरले सहभागी लिन पाउनेछन् । साथै यसमा एकजना, दुईजना, तीनजना अथवा चारजनासम्मको एक टिम बनेर डान्स गर्न पाउनेछन् । दोस्रो सिनिअर टिम डिभिजन, यसमा १८ वर्षभन्दा बढी उमेरका डान्सरले सहभागी हुन पाउनेछन् । तेस्रो जुनिअर टिम डिभिजन, जसमा १८ वा १८ वर्षभन्दा मुनिका डान्सरहरूले सहभागी हुन पाउनेछन् ।

सहभागी तीन डिभिजनकै विजेताले एक/एक लाख नगद पुरस्कार पाउनेछन् । यस्तै, अमेरिकामा हुने डब्लुओडीमा भने सिनिअर र जुनिअर टिम डिभिजनमा विजेतासँगै दोस्रो र तेस्रो स्थान हासिल गर्ने टिमले पनि सहभागी जनाउन पाउनेछ ।

सिनिअर टिम डिभिजन र जुनिअर टिम डिभिजनले मात्र अमेरिकामा हुने डब्लुओडीमा सहभागी हुन पाउने पाउने प्रावधान रहेको शोका नेशनल डिरेक्टर रोशन गहतराजले जानकारी दिनुभयो । नेपालमा अहिलेसम्म नृत्यकै लागि भनेर यस्तो किसिमका शो नआएको भन्दै उहाँले डब्लुओडी नेपाल नृत्यमा भविष्य बनाउन चाहनेहरूका लागि उत्कृष्ट शो बन्ने विश्वास दिलाउनुभयो । शोको जुरी टिममा निशान गौचन, जेडी तमु र मुकेश ढकाल रहनुभएको छ भने शोको इभेन्ट कन्सल्टेन्टको रूपमा अभिनेता प्रशान्त ताम्राकार रहनुभएको छ ।

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
व्याङ्गडाँडा, झापा
कोशी प्रदेश, नेपाल

कमल खोलाको माटो ,भरौट र बलौट संकलन तथा बिक्रीसम्बन्धी विद्युतीय ठेक्का आहवानको सूचना

(तेस्रो पटक प्रकाशन मिति २०८१/०९/२३)

सि. नं.	आय ठेक्का नं.	ठेक्काको विवरण	न्यूनतम ठेक्का अंक भ्याट समेत	बोलपत्र फारम दस्तुर	बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	धरौटी रकम
१	SM/IR/04/ 081/082	शिवसताक्षी नगरपालिकाले तोकिदिएको क्षेत्र भित्र कमल खोलाबाट माटो, भरौट र बलौट संकलन तथा बिक्री	रु १३,६१,६५९।६५ (अक्षरेपी तेऱ्ह लाख एकसठी हजार छ सय उनान्साठी रुपैया पैसठी पैसा मात्र)	रु १०००।०	२०८१/१०/०९ दिनको १२:०० बजे भित्र	२०८१/१०/०९ दिनको २:०० बजे	न्युनतम रु ४१,०००।०० वा कबोल अंकको ३ प्रतिशत मध्ये जुन बढि हुन्छ त्यही मान्य हुने ।

थप जानकारीको लागि शिवसताक्षी नगरपालिकाको कार्यालय, व्याङ्डाडा झापा सम्पर्क न ०२३-४७०३२२ गर्न वा PPMO-eGP System **https://bolpatra.gov.np/epg.** मा हेर्न हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना
पोखरा, कास्की

ठेक्का सम्झौता अन्त्य गरिएको सम्वन्धी सुचना

सुचना प्रकाशित मिति २०८१/०९/२३

तपशिलमा उल्लेखित निर्माण व्यवसायी तथा यस सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा कास्की (साविकमा रुपाताल संरक्षण एकिकृत विकास परियोजना कास्की) विच निर्माण सम्झौता भई यस आयोजनाको कार्यक्षेत्रमा पर्ने तपशिलमा उल्लेखित योजनाहरुको निर्माण कार्य लामो समयदेखी सुचारु नभएको तथा निर्माण कार्य समयमै सम्पन्न गर्नको लागी यस अघि पटक पटक दिईएको मौखिक निर्देशन, लिखित पत्र तथा स्पष्टिकरण पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा जारी गरिएको सार्वजनिक सुचना समेतको वेवास्ता गरि निर्माण सम्पन्न गर्नुपर्ने अन्तिम म्याद सकिसक्दा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा यस आयोजनाको मिति २०८१/०९/२२ को निर्णयानुसार ठेक्का सम्झौताका शर्तहरु, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (२ ‘क’), (७) र (८) अनुसार ठेक्का सम्झौता अन्त्य गरि सोही ऐनको दफा ६३(१) को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

सि.नं.	ठेक्का नं	ठेक्का विवरण	निर्माण व्यवसायीको नाम
1	RCIDP/ IEISP-Jogigade Chutreni/NCB/ Works/1-077-78	Construction of Jogigade chutreni Lift Irrigation Sub-Project Beni-06, Myagdi	G.B. Metal Craft Industries & Suppliers Pvt. Ltd. Birgunj
2	RCIDP-/IEISP-Thulokulo/NCB/ Works/2-077-78	Construction of Thulo kulo Aandhighat Lift Irrigation Sub-Project, Chapakot M-10, Syangja	G.B. Metal Craft Industries & Suppliers Pvt. Ltd. Birgunj
3	RCIDP-/IE-ISP-Khanda/NCB/ Works/3-077-78	Construction of Khada Lift Irrigation Sub-Project Galyang 1, Syangja	G.B. Metal Craft Industries & Suppliers Pvt. Ltd. Birgunj
4	RCIDP-/IE-ISP-Churunga/NCB/ Works/5-077-78	Construction of Tallo Churunga Dharapani Solar Lift Irrigation Sub-Project, Pokhara -19, Kaski	G.B. Metal Craft Industries & Suppliers Pvt. Ltd. Birgunj

आयोजना प्रमुख

Katari Municipality
Office of Municipal Executive
Udayapur
Koshi Province, Nepal

Notice of Intent to Award the Contract

Date of publication: 7th January, 2025 (2081/09/23)

This is to notify all concerned bidders that it is our intention to award contracts to the following parties, selected as the Substantially Responsive Lowest Evaluated Bid for the execution of the specified works under Contract ID provided below:

S.N	Contract ID	Description of work	Name and Address of Successful Bidder	Bid Price including VAT and PS (NRs)
1	KMUN/W/ NCB/12/081/82	Katari Buspark Upgradation and Land Protection Works	M/s Naw Durga Construction, Arnama 2, Siraha	70,56,039.20
2	KMUN/W/ NCB/13/081/82	Construction of Birthing Center at Gahu Baari, Ward no. 11	M/s Devichandra Nirman Sewa, Katari 14, Udayapur	63,83,811.02

This notice is published as per Public Procurement Act 2063, Clause no. 27.2 & 27.3.

Chief Administrative Officer
Katari Municipality

सोपान मल्टिपल कम्पनी लिमिटेडको सोह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोश्रो पठक प्रकाशित मितिः २०८१/०९/२३

आदरणीय शेयरधनी महानुभावहरु,

यस सोपान मल्टिपल कम्पनी लिमिटेडको मिति २०८१/०९/०३ मा बसेको सञ्चालक समितिको ७२औं वैठकको निर्णयानुसार कम्पनीको सोह्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीकालागि यो सुचना प्रकाशित गरिएको छ।

साधारणसभा बस्ने मिति, स्थान र समय

मिति : २०८१/०९/२६ गते, शुक्रबार (तदनुसार १० जनवरी, २०२५)
स्थान : अनुपम फुडल्याण्ड एण्ड व्याङ्क्वेट, बतीसपुतली, काठमाडौं।
समय : बिहान ११:०० बजे।

छलफलका विषयहरु :
क) सामान्य प्रस्ताव :

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

२) लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आ. व. २०८०/०८१ नाफा- नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु लगाएतका वितीय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ. व. २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

४) सञ्चालक समितिबाट गरिएको सञ्चालक तथा स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने सम्बन्धमा।

(ख) विषेश प्रस्ताव :

१) प्रबन्धपत्रको दफा ६ मा खण्ड (घ) थप गर्ने सम्बन्धमा।

२) कम्पनीको प्रवन्धपत्रमा सर्वसाधारणको लागि छुट्याईएको साधारण शेयरको प्रचलित धितोपत्र सम्वन्धि कानून तथा कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम यस कम्पनी योग्य भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई प्रिमियम मूल्यमा र योग्य नभएमा अंकित मूल्यमा नै सर्वसाधारणमा शेयर निष्काशन गर्ने सम्बन्धमा।

३) प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट वा संशोधनको लागि निर्देशन भई आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अस्तियारी दिने सम्बन्धमा।

(ग) विविध :

साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१) १६औं वार्षिक साधारणसभा प्रयोजनार्थ यहि मिति २०८१ साल पौष २२ गते १ दिन शेयर दाखिल खारेज बन्द (Book Close) रहने छ। दाखिल खारेज बन्द मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरभनीले मात्र सभामा भाग लिन पाउने छन्।

२) कम्पनीको संक्षिप्त आर्थिक विवरण कम्पनीको लेखा शाखामा सम्पर्क गरी पाउन सकिनेछ।

३) साधारणसभामा भाग लिनको लागि प्रतिनिधि नियुक्ति गर्न चाहने शेयरधनीहरुले सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८१।०९।२४ गते दिनको ११ बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सुबिधानगर, काठमाण्डौंमा प्रोक्सी पत्र दर्ता गरीसक्नु पर्नेछ । कम्पनी सचिवको दस्तखत र कम्पनीको छाप भएको प्रोक्सीलाई मात्र मान्यता दिइनेछ। प्रोक्सी फारम कम्पनीको प्रशासन शाखाबाट वा ईमेल मार्फत प्राप्तगर्न सकिनेछ । एक भन्दा बढी प्रोक्सीको नाउँ उल्लेख गरेको प्रोक्सी रद्द हुनेछ।

४) प्रतिनिधि नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ति पत्रमा सो संस्था वा कम्पनीको छाप सहित आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्छ। संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि नियुक्ति दर्ता गर्दा कम्पनीको अर्को शेयरधनीलाई मात्र नियुक्ति गर्नुपर्ने छ।

५) कुनै एक शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि नियुक्ति गरि पठाएकोमा जस्को प्रोक्सी पहिला कम्पनीमा दर्ता हुनेछ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ।

६) कुनै शेयरधनीलाई कुनै जिज्ञासा भएमा साधारणसभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्ष समक्ष लिखित प्रस्ताव पेश गर्नु पर्नेछ । तर यसलाई सभामा छलफल र पारित हुने विषयका रुपमा समावेश गरिने छैन।

७) साधारणसभा सम्बन्धी अन्य जानकारी कम्पनीको कम्पनीको रजिष्टर्ड कार्यालय सुबिधानगर, काठमाण्डौंबाट प्राप्त गर्न सकिनेछ।

८) सभा सम्बन्धी अन्य काम कारबाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
सोपान मल्टिपल कम्पनी लिमिटेड
काठमाण्डौं, नेपाल।

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

वोलपत्र स्वीकृत गर्ने आसयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०९/२३)

यस घ्याङलेख गाउँपालिकाको कार्यालय हायुटार सिन्धुलिले निर्धारित मिति भित्र दर्ता भयका बोलपत्र दाताहरुले तपसिल बमोजिम कार्य सम्बन्धी बोलपत्र मार्फत आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पुर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मू.अ. कर र पिएस सहित)
1	GHRM/Sindhuli/Works/ NCB/03/2081/082	Construction of Bhaise Health Unit	Menuka Shrestha Suppliers & Bhadrakali Nirman Sewa	Nrs. 66,48,159.71
2	GHRM/Sindhuli/Works/ NCB/04/2081/082	Construction of Bastipur Health Post	Menuka Shrestha Suppliers & Bhadrakali Nirman Sewa	Nrs. 23,40,383.93

प्रमुख प्रशासकीय अधिकृत